प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भद्रपुर, झापा
प्रदेश नं. १, नेपाल

☎: ०२३-४५५०५६, ४५५५४६
फ्याक्स नं.:०२३-४५५५४६
Email: akcjhapa@gmail.com

प्रस्ताव आव्हानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/५/२९

यस कृषि ज्ञान केन्द्रको आ.व. २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" बमोजिमका शर्तहरुको अधिनमा रही देहाय बमोजिमका कार्यक्रमहरु कार्यान्वयनका लागि झापा जिल्ला अन्तर्गतका इच्छुक कृषक समूह/कृषि सहकारी/कृषि फर्म/उद्यमीहरुबाट यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र (२०७७/०६/१८ गते सम्ममा) कार्यालय समयमा प्रस्ताव दर्ता गर्नु हुन आव्हान गरिन्छ । साथै रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश हुन नसक्ने व्यहोरा जानकारी गराइन्छ । थप जानकारीका लागि कृषि ज्ञान केन्द्र, भद्रपुर, झापाको फोन नं ०२३-४५५०५६/४५५५४६ मा कार्यालय समयभित्र सम्पर्क राख्नु हुन साथै भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, विराटनगरको वेवसाइट www.molmac.p1.gov.np बाट "कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६" डाउनलोड गरि जानकारी लिन सक्नु हुनेछ ।

तपसिल

आ.व.२०७७/०७८			रकम रु लाखमा			
			वार्षिक लक्ष्य			
क.सं.	क्रियाकलापहरु को विवरण	इकाई	परिमाण	बजेट (प्रति इकाई उपलब्ध हुने अधिकतम अनुदान रकम रु.	प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदारहरु	कैफियत
१	कागती खेती निसन कार्यक्रम(अन्य)	संख्या	१०	२.५	कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/कृषि उद्यमीहरु	
२	व्यावसायिक फलफूल बगैंचा स्थापना सहयोग(अन्य)	संख्या	३	३	कृषक समूह/कृषि सहकारी/कृषि फर्म/कृषि उद्यमीहरु	
३	बीउ विजन आत्मनिर्भरका कार्यक्रम पहिलो बर्ष(अन्य)	संख्या	५	१	कम्पनी/ कृषक समूह, निजी उद्यमी र सहकारी संस्थाहरु	बिउ लगाउने पुर्व जानकारी र खडा बाली निरिक्षण फाराम प्रयोग, प्रयोगशाला परिक्षण प्रतिवेदन ।
४	हाईब्रिड मकै खेती विस्तार आयोजना (Area based cash incentives) क्षेत्र विस्तार(अन्य)	हेक्टर	७३३.३३	०.१५	कृषक/कृषक समूह/ कृषि सहकारी, निजी उद्यमी	कृषि सहकारी संस्थाको हकमा पछिल्लो ३ वर्षको लेखा परिक्षणको प्रमाणित प्रतिलीपि ।
५	बगर खेती विकास तथा प्रवर्धन कार्यक्रम(अन्य)	संख्या	१०	१	नदी खोला किनारको आसपासको कृषक/कृषि उद्यमी कृषक समूह/ कृषि सहकारी	जग्गा भाडामा लिएर खेति गरेको भए कम्तीमा ५ वर्षको करार सम्झौता ।
६	महिला दलित विपन्न तथा पिछडिएको समुदाय लक्षित कार्यक्रम(अन्य)	संख्या	५	२	महिला, दलित, विपन्न तथा पिछडिएको समुदायका कृषकहरु	
७	नमुना कृषि फार्म स्थापना सहयोग(बागवानी विकास खर्च)	संख्या	७	७	कृषक समूह/ कृषि सहकारी / कृषि फर्म /उद्यमी	स्थानिय तहवाट साझेदारीमा नमूना कृषि फर्म संचालन हुने भए लागत साझेदारी रकम उल्लेख गरेको सिफारिस पत्र ।
८	कृषि बजार तथा संकलन केन्द्र निर्माण (निजी, सहकारी, सरकारी साझेदारीमा)(बागवानी विकास खर्च)	संख्या	२	२०	स्थानिय तह/ उद्योग वाणिज्य संघ/ कृषक समूह/ कृषि सहकारी/कृषि उपज बजार संचालक समिती	निर्माण हुने जग्गाको यकिन गरेको प्रमाण, निर्माण स्थलको सधियार छिमेकीको मुचुल्का । जग्गा करारनामा भए २० वर्षको सम्झौता ।
९	जैविक तथा वानस्पतिक विषादी प्रयोग विस्तार कायक्रम(अन्य)	संख्या	६	१	कृषक समूह, कृषि सहकारी संस्थाहरु	

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
भद्रपुर, झापा
प्रदेश नं.१ नेपाल

☎: ०२३-४५५०५६, ४५५५४६
फ्याक्स नं.:०२३-४५५५४६
Email: akcjhapa@gmail.com

१०	रैथाने वाली उत्पादन प्रवर्द्धन कार्यक्रम (कोदो फापर जौ आदि)(अन्य)	संख्या	१	१	कृषक/ कृषक समूह/ कृषि सहकारी / सामुदायिक बीउ बैक व्यवस्थान समिति	
११	कृषि यन्त्रीकरणका लागि औजार उपकरण प्रयोग प्रवर्धन कार्यक्रम	संख्या	१	१०	कृषक /कृषक समूह/ कृषि सहकारी / कृषि फर्म	मेशनरी, औजार संचालन तथा मर्मतको तालिम लिएको भए सोको प्रमाण पत्र, लालपुर्जा प्रतिलिपी, जग्गा करारमा लिएको भए ५ वर्षको करारनामा प्रमाण ।

संलग्न गर्नुपर्ने आवश्यक कागजातहरु

१. रु.१० को हुलाक टिकट टाँस गरिएको आवेदन/ प्रस्तावना
२. सम्बन्धित समुह/संस्था/उद्यमी दर्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
३. समुह/संस्था नवीकरणको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
४. समुह/संस्थाको बैठकको निर्णयको प्रतिलिपी ।
५. समुह/संस्थाको PAN वा VAT प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
६. निवेदक कृषकहरुको नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
७. कृषि फर्म/उद्यमी/सहकारी संस्थाको हकमा आ.व. २०७६/७७ को लेखा परिक्षणको प्रमाणित प्रतिलिपी ।
८. आ.व. २०७६/७७ को कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी ।
९. जग्गा धनीपूर्जा प्रमाणपत्रको प्रतिलिपी/जग्गा भाडा वा अधिया/ठेक्का लिएको भए कम्तीमा १० वर्षको करार सम्झौता पत्रको प्रतिलीपि तथा व्यवसायिक फलफुल वगैचा स्थापनाको हकमा जग्गा करारमा लिएको भए न्युनतम १५ वर्षको सम्झौता पत्र ।
१०. सार्वजनिक जग्गा भए सम्बन्धीत स्थानीय तहको सिफारिस पत्र ।
११. स्थानीय तह कृषि शाखाको सिफारिस ।
१२. आवेदकले दोहोरो पर्ने गरी यसै कार्यका लागि अन्य निकायबाट अनुदान नलिएको र नलिने स्वः घोषणा पत्र पेश गर्नुपर्ने छ ।
१३. प्राविधिक ज्ञान तथा अनुभव भए त्यसको प्रमाणको प्रतिलिपि ।
१४.कृषि व्यवसाय प्रवर्द्धन अनुदान कार्यविधि २०७६ बमोजिम तथा माग गरिएका आवश्यक कागजातहरु पुर्णता नभएमा स्वतः रद्द हुनेछ ।

.....
नील कमल सिंह